कटहरी गाउँपालिका, कार्यपालिकाको मिति २०७६।१२।१६गतेको बैठकले पारित

# "कोरोना भाइरस महामारी रोकथाम तथा नियन्त्रणपूर्व तयारी एवं प्रतिकार्य समन्वय समिति गठन तथा संचालन कार्यविधि २०७६"

प्रमाणिकरण मिति २०७६।१२।१६

राम कुमार कामत
अध्यक्ष
कटहरी गाउँपालिका

Scanned with CamScanner

# कटहरी गाउँपालिका

## "कोरोना भाइरस महामारी रोकथाम तथा नियन्त्रण पूर्व तयारी एवं प्रतिकार्य समन्वय समिति गठन तथा संचालन कार्यविधि २०७६"

**प्रस्तावना :**

हाल विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस को रोकथाम तथा नियन्त्रणको सन्दर्भमा गाउँवासीलाई सहजजीवन वैतित गर्न आवश्यक सहजिकरण गर्नु पर्ने अतिविपन्न, गरिब, असहाय तथा अशक्तहरुको दैनिक जीविकोपार्जनका लागि अतिआवश्यक सेवा र वस्तु उपलब्ध गराउन आवश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ माभएको व्यवस्था अनुसार कटहरी गाउँपालिका "कोरोना भाइरस महामारी रोकथाम तथा नियन्त्रणपूर्व तयारी एवं प्रतिकार्य समन्वय समिति गठन तथा संचालन कार्यविधि २०७६" मिति २०७६।१२।१६ को कटहरी गाउँकार्यपालिकाको वैठकबाट निर्णय गरी लागु गरिएको छ ।

**१. संक्षिप्तनाम र प्रारम्भ**

१.१. यो कार्यविधिको नाम**"कोरोना भाइरस महामारी रोकथाम तथा नियन्त्रण पूर्व तयारी एवं प्रतिकार्य समन्वय समिति गठन तथा संचालन कार्यविधि २०७६"** रहेको छ ।

१.२ यो कार्यविधि कटहरी गाउँपालिका क्षेत्र भित्रलागु हुनेछ ।

१.३ यो कार्यविधि २०७६।१२।१६बाटलागु हुनेछ ।

**२. परिभाषा :**

२.१ कोरोना भन्नाले विश्व स्वास्थ्य संगठनले माहामारीको रुपमा परिभाषित गरिएको कोरोना फाइरस (COVID-19) लाई वुझाउने छ ।

२.२ राहत भन्नाले यस कार्यविधिको मापदण्डमा पर्ने अतिविपन्न, गरिव, अशक्त र असहायलाई उपलब्ध गराउने अतिआवश्यक सेवा र वस्तु लाई बुझिन्छ ।

२.३ कोष भन्नाले **"कटहरी गाउँपालिकाको विपद् व्यवस्थापन"**कोष खातालाई बुझिन्छ ।

**३. कोषमा प्राप्त हुने रकम :**

३.१ गाउँपालिकावाट जम्मा गरिने रकम

३.२ संघिय सरकार र प्रदेश सरकारवाट प्राप्तहुने रकम

३.३ विभिन्न संघ संस्था र व्यक्तिवाट प्राप्तहुने रकम

३.४ राष्ट्रिय तथा अन्तराष्ट्रिय दाताहरुवाट प्राप्त सहयोग रकम

Scanned with CamScanner

**४. अतिविपन्न, गरिब, असहाय र असक्त पहिचानका मापदण्डहरु :**

४.१ दैनिक ज्यालादारी, मजदुरी गरिब, जिवकोपार्जन गर्ने व्यक्तिवा परिवार

४.२ असक्त, अपाङ्ग, घरमुलीभई दैनिक अतिआवश्यक वस्तुको अभावभएको परिवार

४.३ सिमान्तकृत समुदायभित्र पर्ने विपन्न परिवार जसको घरमा सातदिनलाई समेत पुग्ने खाद्यय सामाग्री नभएको अवस्था ।

**५. कोरोना भाइरस महामारी रोकथाम तथा नियन्त्रणपूर्व तयारी एवं प्रतिकार्य सञ्चालन कार्यन्वयनका लागि देहाय बमोजिमको गाउँस्तरीय समिति रहने छ ।**

| | |
|---|---|
| १. गा.पा. अध्यक्ष | संयोजक |
| २. गा.पा. उपाध्यक्ष | सदस्य |
| ३. गा.पा.स्तरीय राजनितिकदलका अध्यक्षज्यूहरु | सदस्य |
| ४. गा.पा.कावडाध्यक्षज्यूहरु | सदस्य |
| ५. प्रमुखप्रशासकियअधिकृत | सदस्य |
| ६. सम्बन्धित स्थानियतहको रेडक्रसको प्रतिनिधि | सदस्य |
| ७.स्थानीय प्रहरीको प्रतिनिधि | सदस्य |
| ८. नेपाली सेनाको प्रतिनिधि | सदस्य |
| ९.स्वास्थ्य संयोजक | सदस्य सचिव |

**६. गाउँस्तरिय समितिको कार्य विवरण**

- संघिय सरकार तथाप्रदेश सरकारले यस विषयमा गरेकानिर्णय तथा निर्देशनहरुलाई परिपालन तथा कार्यान्वयन गर्ने गराउने ।
- वडास्तरीय समन्वय समितिलाई परिचालन गरी गाउँभित्र रहेका अतिविपन्न, गरिब, असहाय र अशक्तहरुको पहिचान गरी प्रमाणीकरण गर्ने
- प्रमाणिकरण गरिएकाव्यक्ति तथा परिवारलाई आवश्यक्ता र समितिको निर्णय अनुसार राहत प्याकेज उपलब्ध गराउने ।
- राहतप्याकेजको वितरणको प्रभावकारी अनुगमनगर्ने
- एकद्वार प्रणालिबाट विभिन्न संघसंस्था तथा दाताहरुले दिनेनगद तथा जिन्सी सहयोग स्वीकार गरी वितरणको व्यवस्थापन गर्ने

**७. सल्लाहकार समिति गठन गर्ने :**

१. गाउँभित्र कार्यक्षेत्र\भएका सबै संघिय सांसद ज्यूहरु -सदस्य

२. गाउँभित्र कार्यक्षेत्र\भएका सबै प्रदेश सांसद ज्यूहरु -सदस्य

८. वडास्तरीय राहतव्यवस्थापन समिति :

| | |
|---|---|
| १. वडाअध्यक्ष | संयोजक |
| २ वडा सदस्यहरु | सदस्य |
| ३. राजनैतिकदलका वडाप्रमुख | सदस्य |
| ४. सम्बन्धितवडामा रहेका स्वास्थ्य संस्थाको प्रमुख | सदस्य |
| ५. वडा सचिव | सदस्य सचिव |

**९.वडास्तरीय राहत व्यवस्थापन समितिको कार्यविवरण**

- समन्वय समिति र स्थानीय संघसंस्था परिचालन गरी वडाभित्र रहेका अतिविपन्न, गरिब, असहाय र अशक्तहरुको पहिचान गरी प्रमाणिकरणका लागि गाउँस्तरीय समितिमा पेश गर्ने ।
- प्रमाणिकरण गरिएका व्यक्ति तथा परिवारलाई आवश्यकता र समितिको निर्णय अनुसार वडामाप्राप्त भएका राहतप्याकेज सम्बन्धित व्यक्ति परिवारलाई उपलब्ध गराउने

**१०. गाउँस्तरीय समितिलाई सहयोग गर्न देहाय बमोजिमको सचिवालय गठन गर्ने र उक्त सचिवालयले गाउँस्तरीय समितिको बैठक बस्न नसक्ने अवस्थामा गाउँस्तरीय समितिमा अनुमोदन गर्ने गरी सम्पूर्ण कार्य गर्न सक्नेछ ।**

| | |
|---|---|
| संयोजक | अध्यक्ष |
| सदस्य | उपाध्यक्ष |
| सदस्य | गा.पा.स्तरीय राजनितिक दलका प्रमुख |
| सदस्य | प्रमुख प्रशासकिय अधिकृत |
| सदस्य सचिव | स्वास्थ्य संयोजक |

**११. कोषको खाता संचालन**

यस कोषको खाता“**कटहरी गाउँपालिकाको विपद् व्यवस्थापनं** ” को नाममा रहनेछ र उक्त बैंक खाता प्रमुख प्रशासकिय अधिकृत र लेखाप्रमुखको संयुक्त दस्तखतबाट संचालनहुनेछ ।

**१२. राहत स्वरुप प्राप्तजिन्सी सामाग्री व्यवस्थापन सम्बन्धिकार्य**

- विभिन्न संघसंस्था र व्यक्तिबाट प्राप्तहुने जिन्सी राहत प्याकेजहरु गाउँपालिका कार्यालयमा भण्डारण गर्ने ।

Scanned with CamScanner

- गाउँपालिकामा भण्डारण गरिएको सामानलाई हाटखोला प्रहरी चौकीवाट सुरक्षादिने
- राहत सामाग्रीग्रहण भण्डारण कार्यको लागि गाउँपालिकाको जिन्सीशाखालाई जिम्मेवारी दिने ।
- राहत सामाग्री वितरण गर्ने कार्यको लागि वडास्तरी राहत व्यवस्थापन समितिलाई जिम्मादिने ।

१३. सम्बन्धित समितिहरुले उप समितिगठनगरि कार्यलाई सहजिकरणगर्न सक्नेछन ।

१४. यस कोरोनाभाइरस महामारी रोकथाम तथा नियन्त्रणपूर्व तयारी एवं प्रतिकार्य सञ्चालन कार्यन्वयन समितिले बजेटको व्यवस्था , खर्चको सर्म्पुणजिम्मेवारी लिई सिध्र जनतालाई राहतउपलव्ध गराउनेछ ।

१५. यस कार्यविधिमा थपघट वा संसोधन गर्नु पर्ने भएमा माथिउल्लेखित गाउँकार्यपालिकाले थपघटवा संशोधन गर्न सक्नेछ।

प्रमाणितगर्ने :

दस्तखत :

रामकुमार कामत

अध्यक्ष

Scanned with CamScanner